# कविलासी नगरपालिकाको छैठौं नगर सभाको पहिलो बैठकमा उपप्रमुख श्री राधा देवीले प्रस्तुत गर्नु भएको

# आर्थिक बर्ष २०७८।०७९ को
# बजेट वक्तव्य

कविलासी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७८
www.kabilasimun.gov.np

नगर सभाका अध्यक्ष महोदय,
सभाका सदस्यज्यूहरू,

१. विश्वव्यापी महामारी कोरोना भाइरस (कोभिड-१९) को कहरबाट विश्व नै आक्रान्त परिस्थितिबाट गुज्रीरहेको चुनौतीपूर्ण घडिमा नगरबासीहरूको जीवनरक्षा सुनिश्चित गर्दै नगरको समग्र विकास प्रणालीलाई पुनर्सुदृढीकरण गर्दै कविलासी नगरपालिकाका जनताको प्रतिनिधिमूलक यस गरिमामय सभा समक्ष आगामी आर्थिक बर्ष २०७८।०७९ को बजेट प्रस्तुत गर्न पाउँदा मलाई अपार खुशिको अनुभूति भइरहेको छ ।

२. यस घडिमा सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाको लागि नेपाली जनताले पटक-पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, मधेश आन्दोलन लगायत पटक-पटकको आन्दोलन एवं संघर्षको गौरवपूर्ण ईतिहासप्रति उच्च सम्मान प्रकट गर्दै नेपालको लोकतान्त्रिक आन्दोलनको क्रममा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

३. सहिदका परिवारजन र विभिन्न आन्दोलनका क्रममा अंगभंग भई कठिन जीवन यापन गरि रहनु भएका नागरिकहरूलाई श्रद्धापूर्वक नमन गर्दै वहाँहरूको त्याग र बलिदानप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनको कठिन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने आदरणीय अग्रज राजनीतिज्ञहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

४. विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) महाब्याधीबाट देश विदेशमा ज्यान गुमाउनु भएका व्यक्तिहरूप्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु र मृतकका परिवारजनमा समवेदना व्यक्त गर्दै सहानुभूति प्रकट गर्दछु । साथै, महाब्याधी बाट संक्रमित हुनु भएकाहरूको सिघ्र स्वास्थ्य लाभको लागि कामना गर्दछु ।



राधा देवी
उप-प्रमुख

राधा देवी
उप-प्रमुख

५. विगत चार वर्षको अथक प्रयासबाट हासिल भएको उपलब्धिको जगमा टेकेर विकास र समृद्धिको यात्रालाई तीब्रता दिने मार्गमा मानव समुदायको अभिशापको रूपमा रहेको कोरोना महामारी तगारो बनेको छ । शताब्दीकै यस विषम परिस्थितिमा सबै राजनैतिक दल, जनप्रतिनिधि, संघ संस्था र आम नागरिकको सहयोग र ऐक्यबद्धताले वर्तमान चुनौती सामना गर्न सकिन्छ भन्ने हाम्रो दृढ विश्वास रहेकोछ ।

६. आगामी आर्थिक वर्षको बजेटले प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित रहनुपर्छ भन्नेमा म सजग छु । यस अवस्थामा सबै नगरबासीको जीवन रक्षा गर्ने, भविष्य प्रति आधारयुक्त आशा जोगाउने र नगरको तीब्र विकासको बाटोमा लैजाने गरी मैले बजेट तर्जुमा गरेको छु ।

७. नगरपालिकाले आवश्यक संस्थागत र व्यवस्थापकीय प्रबन्ध मिलाउदै नगरवासीको सुशासन, उन्नति र समृद्धिको आकांक्षा पूरा गर्न हर सम्भव प्रयासरत रहेको व्यहोरा यस अवसरमा अवगत गराउन चाहन्छु ।
विभिन्न किसिम्मको समस्या एवम् जटिलताको सामाना गर्दै प्रशासनिक सुशासन कायम गर्न नगरपालिकाले विभिन्न ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड, कार्ययोजना, विधि तयार गरेको छ । साँगठनिक सुशासनको लागि कार्यालय र अन्तर्गतका विषयगत शाखाहरूको उचित व्यवस्थापन गरिएको छ ।

८. कर्मचारी जनशक्तिको अभाव, दरबन्दी बमोजिमको प्रमुख प्रशासकीय अधिकृत नहुनु, नयाँ संरचना सँग सँगै समयानुकुल नीति, नियम, ऐन, कानुन तजुर्माको अभावमा समेत थोरै जनशक्तिको दक्षता एवम् प्रशासनिक कार्यकुशलताको परिणाम स्वरूप अपेक्षित रूपमा संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि,२०७७ बमोजिम नगरपालिकाको स्वमूल्याङ्कन अंक ४४.२५% राम्रै रहेको अवगत गराउन चाहन्छु ।

९. नेपाल सरकार र प्रदेश सरकारबाट आ.व. २०७८।०७९ को बजेट वक्तव्य मार्फत घोषित आयोजना तथा कार्यक्रमहरू सम्पन्न गर्न नेपाल सरकार र प्रदेश सरकारलाई सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।



राधा देवी
उप-प्रमुख

राधा देवी
उप-प्रमुख

१०. आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधानमा उल्लिखित नागरिकका मौलिक हक राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, पन्ध्रौं आवधिक योजनां, विभिन्न मन्त्रालयहरूले प्रस्ताव गरेका नीतिगत प्राथमिकताहरू र तिनीहरूले निर्धारण गरेका मापदण्डहरू, विकास सहायता एजेन्सीहरूले विभिन्न मुलुकमा कोभिड-१९ बाट उत्पन्न परिस्थितिको लेखाजोखा गर्न विकास गरेका औजार र सहायता रणनीतिहरू, कविलासी नगरपालिकाका नीति तथा कार्यक्रम तथा नगरपालिकाका पदाधिकारीज्यूहरूले दिनु भएको सुझावहरू, टोल वस्ती एवं वडा भेलाबाट व्यक्त भएका जनअपेक्षा, पूर्व बजेट छलफल एवं मिति २०७८।०३।०२ गते बुधबार आयोजना गरिएको छलफल कार्यक्रममा प्राप्त हुन आएका रचनात्मक सुझावहरू तथा आ.व. २०७७।०७८ को बजेट वक्तव्यमा उल्लिखित महत्वपूर्ण कार्यक्रमहरूलाई यो बजेट तर्जुमाको मार्गदर्शनको रूपमा लिएको छु ।

११. आगामी आर्थिक वर्षमा संघ, प्रदेश र नगरपालिका सरकार बीच सहकारिता, सहअस्तित्व र समन्वय मार्फत वितीय संघीयताको कुशल अभ्यास गरी सामाजिक, राजनैतिक तथा विकासका आयामहरूमा क्रमिक सुधार तथा रूपान्तरण गर्दै लगिने विश्वास व्यक्त गर्न चाहन्छु ।

१२. ४८.१ वर्ग किलोमिटर क्षेत्रफलमा अवस्थित ४२,३३६ जनसंख्या भएको कविलासी नगरपालिकाको आर्थिक स्थिति, कृषि, सिंचाई, उद्योग, भौतिक पूर्वाधार, वित्तीय क्षेत्र, स्वास्थ्य, शिक्षा, आधारभूत सुविधा, रोजगारी, मानवीय विकासका क्षेत्रमा देखिएको समस्या तथा कोभिड-१९ महाब्याधीले विभिन्न क्षेत्रमा पारेको असर बाट झन पछि परेकोले यी क्षेत्रमा सुधार गर्नु पर्ने देखिन्छ ।

१३. नगर कार्यपालिकालाई आफ्नो जिम्मेवारी निर्वाहका लागि आवश्यक संगठन संरचना एवं पर्याप्त जनशक्तिको व्यवस्थापनका लागि नेपाल सरकारसँग समन्वय गरी आवश्यक निर्णय लिईनेछ ।

१४. कविलासी नगरपालिका सामू मुख्यरूपमा निम्न चुनौतिहरू देखिएका छन् :

- कोभिड-१९ को विश्वव्यापी महामारी, संक्रमणको प्रभाव अवधि र त्यसले ल्याउन सक्ने जोखिम अनुमान गर्न नसकिने देखिएको र आगामी वर्ष अनुमान गरे अनुसारको आय प्राप्त हुन चुनौतिको रूपमा रहेको छ ।



राधा देवी
उप-प्रमुख

- कोरोनाबाट आक्रान्त नगरवासीहरूको जीवनरक्षा सहित सुशासन, विकास र समृद्धि हासिल गर्ने तीब्र आकांक्षा र उपलब्ध सीमित स्रोत तथा साधनको समुचित परिचालन गरी अपेक्षित नतीजा हासिल गर्ने,
- जनतामा राजनैतिक र जीवनस्तरमा परिवर्तनको अनुभूति हुने गरी समाजलाई आर्थिक, सामाजिक रूपले रूपान्तरण गर्ने कार्य सबैभन्दा ठूलो चुनौतिको रूपमा रहेको छ ।
- नगरपालिकाबाट प्रभावकारी सेवा प्रवाहको लागि नगर कार्यपालिका आफ्नो कार्यालय भवन नभएको र आफ्नो भवन भएका वडा कार्यालयको भवन जीर्ण अवस्थामा रहेको । यसैगरी अपर्याप्त र दक्ष जनशक्तिको कमी रहेकोले उपलब्ध श्रोत साधनको कुशल परिचालन गर्ने, विकास आयोजनाहरूको दक्षतापूर्वक कार्यान्वयन गर्ने तथा सार्वजनिक खर्चमा अनुशासन कायम गर्ने कार्य चुनौतिपूर्ण देखिएको छ ।
- नगरपालिकाप्रतिको जनविश्वासलाई मजबुत बनाई प्राप्त संघीय लोकतान्त्रिक शासन प्रणालीलाई थप संस्थागत र दिगो बनाउदै लैजानु पर्ने जिम्मेवारी हामी माथि छ ।

**सभा अध्यक्ष महोदय,**

१५. अब म गत आर्थिक बर्ष २०७६।०७७ को यथार्थ आय र व्यय सम्बन्धमा संक्षिप्त रूपमा प्रकाश पार्न चाहन्छु । गत आर्थिक बर्षमा अुनमानित विनियोजित बजेट रू.५५ करोड १९ लाख १८ हजार गरिएकोमा यथार्थ आन्तरिक आय, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, अन्य अनुदान, सामाजिक सुरक्षा रकम समेत कूल आय रू.६४ करोड ८८ लाख ९१ हजार ८ सय २६ रूपैया र पैसा ८८ रहेको छ । सो मध्ये रू.५२ करोड १ लाख ५७ हजार २ सय ५३ रूपैया र पैसा ५० खर्च भई बाँकी रू.१२ करोड ८७ लाख ३४ हजार ५ सय ७३ रूपैया र पैसा ४० बैंक मौज्दाँत रहेको र गत विगतको बाँकी बैंक मौज्दाँत १६ लाख ७७ हजार ६ सय ७१ रूपैयाँ पैसा ६० गरी कूल रकम रू.१३ करोड ४ लाख १२ हजार २ सय ४५ रूपैयाँ को आ.व. २०७७।०७८ को लागि मिति २०७७ मंसिर १८ गतेको विषेश नगरसभाबाट बजेट विनियोजन भएको छ ।

१६. गत आर्थिक बर्ष २०७६।०७७ मा तेस्रो सभाबाट स्वीकृत योजनाहरू सञ्चालन भए । जसमा नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरू व्यवस्थापन, अत्यावश्यक कानूनहरू निर्माण, सडकहरूको स्तरोन्नति एवं सडक सञ्जाल विस्तार, नाला निर्माण,



राधा देवी
उप-प्रमुख

धार्मिक, साँस्कृतिक धरोहरको संरक्षण, सौर्य सडक बत्ती जडान कृषि, सिँचाई, पशु सेवा, शिक्षा, स्वास्थ्य, सामाजिक विकास जस्ता विविध क्षेत्रका आयोजना तथा कार्यक्रम, सामाजिक सुरक्षा भत्ता वितरण जस्ता शिर्षकमा खर्च भएको थियो। उक्त आर्थिक वर्षको अन्तिम लेखापरीक्षण सम्पन्न भएको छ।

१७. यसै क्रममा चालु आर्थिक वर्ष २०७७।०७८ को संशोधित आय र व्यय अनुमानको सारांश प्रस्तुत गर्न चाहन्छु। चालु आर्थिक बर्षको लागि ६९ करोड ६७ लाख ११ हजार १ सय १ रूपैयाँ आय र व्यय अनुमान गरिएकोमा चालु आर्थिक बर्षको अषाढ मसान्तसम्म सोही रकम बराबर आय र व्यय हुने संशोधित अनुमान गरेको छ।

मिति २०७८ असार ९ गते सम्म कविलासी नगरपालिकाको चौथो नगर सभाबाट आ.व.२०७७।०७८ को लागि विनियोजन भएको अनुमानित बजेट ५६ करोड ६२ लाख ९८ हजार ८ सय ५६ रूपैयाँ र मिति २०७७ मंसिर १८ गते सम्पन्न विशेष नगर सभाबाट विनियोजित बजेट १३ करोड ४ लाख १२ हजार २ सय ४५ रूपैयाँ गरी कुल विनियोजित बजेट रकम ६९ करोड ६७ लाख ११ हजार १ सय १ रूपैयाँ मध्येको यथार्थ आय ५९ करोड ७४ लाख २८ हजार ४ सय ८ रूपैयाँ रहेको र हाल सम्मको यथार्थ खर्च रकम ३८ करोड १ लाख १० हजार ९ सय ८० रूपैयाँ मध्ये चालु खर्च २५ करोड ३२ लाख ९४ हजार २ सय ६२ रुपैयाँ र पूँजीगत खर्च १२ करोड ६८ लाख १६ हजार ७ सय १८ रुपैयाँ रहेको जसमा चालु खर्च प्रतिशत ४२.३९% र पूँजीगत खर्च प्रतिशत २१.२४% गरी जम्मा खर्च प्रतिशत ६३.६३% रहेको छ। चालु आर्थिक वर्षको मसान्त सम्म शत प्रतिशत आय र व्यय हुने अनुमान गरेको छ। आय व्ययको विवरण अनुसूचीमा संलग्न भए बमोजिम अनुमोदनको लागि सभामा पेश गरेको छु।

१८. चालु आर्थिक बर्षको मुख्य मुख्य क्रियाकलापहरूमा विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को माहामारीको भयावह परिस्थितिको सामना गर्दै महाब्याधीको संक्रमणबाट बच्न अपनाइने सतर्कता अपनाइदै सडक, नाला, पुल, कल्भर्ट जस्ता भौतिक पूर्वाधार निर्माण, सौर्य सडक बत्ती, कालोपत्रे, सिँचाई कार्यक्रम,



राधा देवी
उप-प्रमुख

राधा देवी
उप-प्रमुख

कार्यालयको पूर्वाधार, मर्मत सम्भार, विपद् व्यवस्थापन, सुशासन प्रबर्द्धन, सूचना तथा प्रविधि प्रबर्द्धन, शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा, महिला तथा बालबालिका विकास, सामाजिक विकास, सीप तथा रोजगारी प्रवर्द्धन कार्यक्रमहरू सम्पन्न भएको एवम् कतिपय सञ्चालित रहेका छन् । ती कार्यक्रम समयमै सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

साथै योजना आयोगको योजना (संघीय) मदनपुर बालमिकी आश्रम देखि गरगटनाथ-गढीमाई-सर्लहीयामाई हुदै पिपरिया बजार सम्म कालोपत्रे, वडा नं. ७ को सिरसियामा अस्थायी कोभिड-१९ अस्पताल सञ्चालन, कोभिड-१९ महामारीबाट संक्रमितको लागि ६० बेडको अक्सिजन सहित क्वारेन्टाइनको व्यवस्थापन, कविलासी न.पा. वडा नं.५ रनियामा १५ सैया अस्पतालको लागि जग्गा व्यवस्थापन, भाडाको घरमा सञ्चालन रहेको ३,५,९ र १० नं. वडा कार्यालयहरूको लागि भवन निर्माण कार्य सम्पन्न अवस्थामा पुगेको एवम् जीर्ण अवस्थामा रहेको भवनमा सञ्चालन भइरहेको २ नं. वडा कार्यालयको लागि नयाँ भवनको निर्माण कार्य सम्पन्न, वडा नं. ३ र ६ मा पर्ने रैन देखि बरहथवा न.पा. जोडने जीर्ण अवस्थामा रहेको सडकको स्तरोन्नती, गैर पिपरिया सडक स्तरोन्नती, श्री ज.मा.वि. अगर्वा र श्री बालगोविन्द मा.वि. पिपरियामा विद्यालय भवन निर्माणधिन, किसानहरूको लागि गँहुको बिउ वितरण, बालमिकि आश्रम देखि जमुनिया गढीमाईसम्म विद्युतिकरण, कविलासी नगरपालिकामा Free Wifi ZONE , कार्यालयको प्रशासनिक भवनको लागि जग्गा व्यवस्थापन, सामाजिक सुरक्षा भत्ता वितरण कार्य नेपाल सरकारको निर्देशन बमोजिम बैंकिङ्ग प्रणालीबाट शुरुवात, व्यक्तिगत घटना दर्ता किताबको डिजिटाइजेशन कार्य, जमुनियाको गढीमाई, सलेमपुर उत्तरहिनि मठ, सर्लहीयामाई मन्दिरको नगरपालिकाले तयार पारेको DPR बमोजिम काम प्रारम्भ भएको,

रोजगारीमुलक उपलब्धी, वडा नं. १,३,५,७ र १० मा सामुदायिक स्वास्थ्य ईकाइको सञ्चालन एवम् कर्मचारी व्यवस्थापन, गरिब परिवार परिचयपत्र वितरण कार्यक्रममा कर्मचारी व्यवस्थापन, सबै वडा कार्यालयमा कार्यालय सहयोगी व्यवस्थापन, बर्थिङ्ग सेन्टरमा कर्मचारी व्यवस्थापन, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा कर्मचारी व्यवस्थापन एवम् उक्त कार्यक्रमबाट १०० जनाको सीप विकास गरी व्यवसायिकरुपमा दक्ष बनाएको,



राधा देवी
उप-प्रमुख

२०७८।३।१
राधा देवी
उप-प्रमुख

गढीमाई, रामजानकी घाटमा झोलुङ्गे पुल, वडा नं.८ मा सामुदायिक भवन । यि कार्यक्रमहरु मध्ये अधिकांश कार्यक्रमहरु सम्पन्न भइसकेको एवम् कतिपय चालु आर्थिक वर्षमा नै सम्पन्न हुनेछ ।

**सभा अध्यक्ष महोदय,**

१९. अब म आगामी आर्थिक बर्ष २०७८।०७९ को बजेट बारे प्रकाश पार्न चाहन्छु । यो बजेटका उदेश्यहरू यस प्रकार रहेका छन् :

- आम नागरिकलाई कोभिड-१९ लगायत सबै प्रकारका महामारी र विपद्‌बाट नागरिक जीवनको रक्षा गर्दै आर्थिक तथा सामाजिक विकासको प्रत्याभूति दिने ।
- संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य मार्फत विकासका लक्ष्यहरू हासिल गर्ने ।
- कृषि उत्पादन एवम् उत्पादकत्वमा बृद्धि गर्ने ।
- उपलब्ध साधन, स्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरी शीघ समग्र क्षेत्रको विकासको गतिलाई निरन्तरता दिने ।
- दिगो विकासको अवधारण सहित पूर्वाधार विकासमा जोड दिने ।
- दक्ष, सवल, सक्षम र प्रविधिमैत्रि जनशक्तिको विकास गर्ने ।
- संविधान कार्यान्वयनमा सहयोग गर्ने ।
- समाजिक एवम् आर्थिक रूपमा पछि परेका गरिब, विपन्न, दलित, महिला, अल्पसंख्यकको सामावेशी विकासमा योगदान गर्ने ।
- समुन्नत नगर विकास तर्फ उन्मुख गर्ने ।
- नगरपालिकाबाट प्रदान गरिने एवम् प्रवाह हुने सेवामा आम नागरिकको पहुँचलाई सरल एवम् सहज बनाउने ।
- आम नागरिकलाई सुशासनको प्रत्याभूति दिने ।
- सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास मार्फत उत्थानशील, समुन्नत, स्वाधीन एवं समृद्ध नगर निर्माण गर्दै जाने ।



२०७८।३।१
राधा देवी
उप-प्रमुख

राधा देवी
उप-प्रमुख

२०. बजेटका उद्देश्य हासिल गर्न देहाय अनुसारका प्राथमिकता निर्धारण गरेको छु :

- कारोना भाइरस (कोभिड-१९) लगायत सबै प्रकारका स्वास्थ्य जोखिमबाट नगरबासीलाई सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ हुने गरी उपलब्ध गराउने,
- स्वास्थ्य सेवाको दायरा विस्तार,स्वस्थ्य पूर्वाधार निर्माण तथा स्तरोन्नती
- संघ एवम् नगरपालिकाको समन्वयमा कोभिड-१९ नियन्त्रणका लागि खोप उपलब्ध गराउने,
- सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधारमा सुधार एवं शैक्षिक गुणस्तर कायम गर्न अनलाइन कक्षा सञ्चालनको लागि आवश्यक संयन्त्रको व्यवस्थापन,
- आवास विहिन तथा आर्थिक रूपले विपन्न, गरिब तथा सामाजिक बहिष्करणमा परेका नागरिकहरूका लागि उपयुक्त, सुरक्षित र व्यस्थित आवासको व्यवस्था,
- समाजको समग्र विकासको लागि सामाजिक विकास, आर्थिक विकास र वन, वातावरण तथा विपद् व्यवस्थापनको प्रबन्ध
- भौतिक पूर्वाधार विकास तथा संस्थागत विकासलाई निरन्तरता
- नीतिगत, कानूनी एवं संरचनागत प्रबन्ध
- शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाईमा विशेष सुधार
- उद्यमशीलताको विकास मार्फत रोजगारी सिर्जना र गरिबी न्यूनीकरण
- सार्वजनिक सेवा प्रवाहमा सुधार र सार्वजनिक खर्चमा वित्तीय अनुशासन र पारदर्शिता
- दिगो विकासको अवधारणा सहित वातावरण संरक्षण, फोहोरमैला र विपद् व्यवस्थापन
- सडक सञ्जालको स्तरोन्नति एवम् बृद्धि
- स्थानीय श्रोत साधन, श्रम, सीप र प्रविधिको उपयोगमा जोड
- पर्यटन प्रवर्द्धनका आयोजनाहरूको पहिचान र कार्यान्वयन
- कविलासी नगरपालिकाको मौलिकता, ऐतिहासिक तथा सांस्कृतिकरूपमा महत्वपूर्ण धरोहरहरूको संरक्षण र प्रबर्द्धनन



राधा देवी
उप-प्रमुख

• संघ र प्रदेश सरकारबाट यस पालिकाको लागि स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयको लागि सौहार्दपूर्ण सम्बन्धको विकास तथा सहकारिता

**सभा अध्यक्ष महोदय,**

२१. कविलासी नगरपालिकाको समग्र विकासको लागि आगामी आर्थिक बर्ष २०७८।०७९ मा तपसिल बमोजिमका मुख्य मुख्य आयोजना तथा कार्यक्रमहरूको लागि रकम विनियोजन गरी समयमा नै बजेट कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

१) विश्वव्यापी महामारी कारोना भाइरस कोभिड-१९ ले पारेको असरलाई न्युनिकरण गर्न नगर भित्रका जनजीवनलाई विस्तारै सहज र सामान्य अवस्थामा फर्काउन नेपाल सरकार तथा विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्ड अनुसरण गर्नु आजको आवश्यकता देखिएको छ । त्यसको लागि बजेटको उद्देश्य तथा प्राथमिकतामा सामाजिक विकासलाई निरन्तरता दिई उच्च प्राथमिकतामा राखेको छु ।

२) कोभिड-१९ को विश्वव्यापी संक्रमण नियन्त्रण एवं रोकथामको लागि संघ तथा प्रदेशसंगको सहकार्यमा कोभिड १९ विरूद्धको खोप आपुर्ति लगायत आवश्यक स्वास्थ्य सुरक्षाको व्यवस्था मिलाउने छु ।

३) स्वास्थ्य सम्बन्धी मापदण्डको पूर्ण पालना गर्दै स्वास्थ्य सुरक्षालाई सम्बोधन हुने गरी प्रदान गर्ने प्रशासनिक सेवा प्रणालीमा सुधारको व्यवस्था मिलाएको छु ।

४) हालको कोभिड-१९ लगायत भविष्यमा आउन सक्ने अन्य प्रकोप/विपद् व्यवस्थापनका लागि नगरपालिकाको सबै वडामा स्वास्थ्य सेवा सञ्चालनको व्यवस्था मिलाएको छु ।

५) जनस्वास्थ्यमा आईपरेको चुनौतीहरूलाई सामना गर्ने गरी यस पालिका अन्तर्गतका स्वास्थ्य सेवालाई सुदृढ/सवलीकरणको लागि स्वास्थ्य औषधी, उपकरण, मेशिन एवम् स्वास्थ्य चौकीहरूको भौतिक संरचना निर्माण गर्ने व्यवस्था गरेको छु ।

६) सामुदायिक विद्यालय एवम् शिक्षालयहरूको भौतिक तथा शैक्षिक पूर्वाधारको विकास गरी गुणस्तरीय प्राविधिक शिक्षामा पहुँच अभिवृद्धि गर्न बजेटको व्यवस्था मिलाएको छु ।



राधा देवी
उप-प्रमुख

७) कोभिड-१९ ले पूर्णरूपमा प्रभावित शैक्षिक सँस्थाहरूको पुर्नउत्थानका लागि शैक्षिक कृयाकलापहरूलाई स्वास्थ्य सम्बन्धी मापदण्ड र सुरक्षित हिसाबले सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

८) सामाजिक रूपान्तरण र आर्थिक विकास सहितको आधुनिक समाज निर्माण गर्न शिक्षालाई मैले उच्च प्राथमिकता दिएको छु । शैक्षिक पूर्वाधारको विकास, दक्ष जनशक्ति एवम् शिक्षण सामग्रीको व्यवस्था र नविनतम प्रविधिको प्रयोग गरी गुणस्तरीय र जीवन उपयोगी शिक्षाको सुनिश्चितता गरिने व्यवस्था मिलाएको छु ।

९) खेलंकुद विकास र विस्तारका लागि खेलकुद पूर्वाधारहरूको निर्माण, संरक्षण र सञ्चालन एवम् खेलकुद प्रतियोगिता सहित युवाहरूलाई खेलकुद सामग्री को लागि बजेट व्यवस्था मिलाएको छु ।

१०) समाजमा बञ्चितीकरणमा रहेका, उत्पीडित समुदाय एवं दलित, अपांगता भएका व्यक्तिहरूको सशक्तिकरण, मूल प्रवाहीकरण र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

११) विभिन्न किसिमका लैङ्गिक, जातजातीय तथा सामाजिक विभेदलाई पूर्णरूपमा उन्मूलन गर्ने र दलित, उत्पीडित तथा पिछडिएका अल्पसंख्यक समुदायको आर्थिक सामाजिक उत्थानका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

१२) नगरमा उत्पादित वस्तु, कच्चा पदार्थ र सीपमा आधारित व्यवसायलाई प्राथमिकता दिई युवा उद्यमी विकास सम्बन्धी कार्यक्रमहरू मार्फत रोजगारी सिर्जना गर्ने क्रियाकलाप सञ्चालनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

१३) रोजगार सिर्जनाका लागि अपाङ्ग, विपन्न, दलित, महिलाहरूको जीविकोपार्जन सुधारका लागि तालिम कार्यक्रम मार्फत सीप, प्रविधि, सामाग्री सहित व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।



राधा देवी
उप-प्रमुख

राधादेवी
राधा देवी
उप-प्रमुख

१४) कोभिड-१९ विश्वव्यापी महामारीको कारण. बहुसंख्यक युवाहरू वैदेशिक रोजगारबाट फर्किँ रहेको वर्तमान सन्दर्भमा ती युवाहरूलाई स्वदेशमा नै रही स्वाबलम्बी बन्नका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत तथा अन्य सीपमूलक, रोजगारमूलक कार्यक्रम तर्फ आकर्षिण गरी स्वदेशमा नै रहने वातावरण सिर्जना गर्नको लागि युवा तथा महिला लक्षित विकास कार्यक्रम संचालनको व्यवस्था मिलाएको छु ।

१५) कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृषकहरूको लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन, कृषकहरूको लागि कृषि सामग्री, उपकरण वितरणको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१६) कृषकहरूलाई व्यवसायमुखी, आर्थिक उन्नती हासिल गर्न कृषकहरूको लागि तालिम, अन्तरक्रिया, विषादी, मल, विषादी छर्ने सामग्रीको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१७) उब्जनीयोग्य भूमि जुन सिँचाईको अभावमा बाँझो रहेको छ, त्यस्तो जग्गालाई उब्जनी योग्य बनाउन सिँचाई एवम् कृषि सडकको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१८) नगर भित्र रहेका घरधुरी जो स्वच्छ खानेपानीको पहुँचबाट बञ्चित रहेको छ, उनिहरूको लागि आधारभूत खानेपानी सेवा विस्तार गरिनेछ । यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१९) नगरपालिकालाई पूर्णरूपमा उज्यालो बजाउन विद्युत नपुगेको बस्तीहरूमा सौर्य ऊर्जा प्रविधि जडान र अन्य वैकल्मिक ऊर्जाबाट उज्यालो पुर्याउन आवश्यक बजेट विनियोजन गरेको छु ।

२०) नगर भित्रको सडक पुल कार्यक्रम अन्तर्गत आगामी आ.व.मा सडक, पुल, कल्भर्ट, ह्युमपाइप जडान निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।



राधादेवी
राधा देवी
उप-प्रमुख

२१) आन्तरिक तथा बाह्य पर्यटनलाई प्रबर्द्धन गर्न विभिन्न जातजाति, धर्म, संस्कृति, भाषिक तथा सामाजिक विविधतालाई संरक्षण र सम्बर्द्धन गर्दै नगरभित्र रहेका ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका संरचना र स्थानको विकास, विस्तार, संरक्षण तथा सौन्दर्यकरण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२२) पर्यटकीय रूपमा निर्माणधिन तथा स्थापित गन्तव्यहरूको पूर्वाधार विकासलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु ।

२३) नगरपालिकाबाट निर्मित ऐन, कानून, नीति र नियमहरूको व्यवस्थित प्रकाशन र वितरण गर्दै सर्वसाधारणको पहुँचसम्म पुर्याउन बिशेष जोड दिइनेछ ।

२४) नगरभित्रको सूचना तथा सञ्चारलाई प्रभावकारी, व्यवस्थित र अनुशासित बनाउन तथा व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

२५) सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाई सेवालाई सहज, सरल, छरितो र पारदर्शी बनाइनेछ । सेवाग्राहीबाट प्राप्त पृष्ठपोषण र गुनासोको ईमान्दारितापूर्वक सम्बोधन गर्न व्यवस्था मिलाएको छु ।

२६) कर्मचारी तथा पदाधिकारीको क्षमता अभिवृद्धि गर्न तालिम, गोष्ठी, अन्तरक्रियाको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

२७) स्वच्छ वातावरण, स्वस्थ्य हावापानी, बाढी, पहिरो, भू-क्षय, डढेलो, कटानबाट सुरक्षित राख्न एवम् जडिबुटी तथा पैदावारको संरक्षणको लागि वृक्षारोपण कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२८) बाढी, पहिरो, भू-क्षय, मनसुनजन्य जस्ता प्राकृतिक विपदी लगायत संक्रामक रोग, प्राकृतिक र मानवीय विपद् व्यवस्थापनमा द्रुत उद्धार, उपचार, राहत तथा पुनःस्थापना लगायतका कार्य गर्न विपद् व्यवस्थापन कोषको लागि बजेट व्यवस्था गरेको छु ।



राधा देवी
उप-प्रमुख

२९) फोहोरमैला व्यवस्थापन, ढल निर्माण तथा सरसफाई कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

३०) प्राकृतिक विपदी एवम् मानन सिर्जित क्रियाकलापबाट बिग्रिने, टुटफुट हुने सडकको मर्मत सम्भारको लागि मर्मत सम्भार कोषमा आवश्यक बजेट विनियोजन गरेको छु ।

३१) लकडाउनको प्रभावले करदातालाई पारेको असरलाई न्यूनिकरण गर्न कर सहुलियतको व्यवस्था मिलाएको छु ।

३२) धार्मिक सहिष्णुतालाई आत्मसात गर्दै सबै धर्म सम्प्रदायलाई महत्व दिँदै आवश्यक बजेटको लागि व्यवस्था गरेको छु ।

३३) भविष्यका कर्णधार युवाहरूलाई लक्षित गरी लागू औषध, कुलत विरूद्ध जनचेतना कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।

३४) राज्यको चौथो अंग पत्रकारिता मार्फत् आम नगरबासीलाई प्रत्येक गतिविधिको बारेमा सुसुचित गर्ने उद्देश्यले पत्रकारिता एवं रेडियो कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु ।

३५) जेष्ठ नागरिकको सम्मान र अनुभव आदान प्रदानको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

३६) नगरस्तरीय गौरवका योजनाहरूको सम्भाव्यता अध्ययनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३७) सहकारी क्षेत्रको विकासको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।



राधा देवी
उप-प्रमुख

राधा देवी
उप-प्रमुख

३८) बजेट, योजना तथा कार्यक्रममा सबै वर्ग, लिंग, समुदायलाई समेटेको छ । विस्तृत योजना तथा कार्यक्रम अनुसूचिमा समावेश गरेको छु ।

३९) राष्ट्रिय गौरवका तथा बढी लगानी लाग्ने योजनाहरूलाई केन्द्रीय तथा प्रदेश स्तर योजनाको रूपमा तयार गरी पेश गर्ने व्यवस्था मिलाएको छु ।

**सभा अध्यक्ष महोदय,**

२२. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनको लागि बजेट विनियोजन तथा स्रोत व्यवस्थापनको योजना प्रस्तुत गर्दछु ।

२३. आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रू.६४ करोड ५७ लाख ५६ हजार ८ सय १७ रूपैयाँ विनियोजन गरेको छु । उक्त अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रू.३० लाख, नेपाल सरकार वित्तीय समानीकरण अनुदानबाट रू.१२ करोड ९९ लाख, सशर्त (चालु) अनुदानबाट १७ करोड ६९ लाख, सशर्त (पुँजीगत) अनुदानबाट १ करोड ५१ लाख, सम्पुरक अनुदानबाट रू.१ करोड १० लाख, विशेष अनुदान (पुँजीगत) बाट रू.५० लाख, राजस्व बाँडफाँडबाट रू.८ करोड ४३ लाख ९६ हजार, प्रदेश सरकारबाट समानीकरण अनुदान रू.८९ लाख ८२ हजार, सशर्त अनुदान रू.८० लाख, विशेष अनुदान ३० लाख, सम्पुरक अनुदान रू.२० लाख, सवारी साधन करको बाँडफाँड रू.५९ लाख ७८ हजार ८ सय १७ रूपैयाँ, बहुक्षेत्रीय पोषण कार्यक्रमबाट रू.२५ लाख, सडक बोर्ड नेपालबाट रू.३० लाख, घर जग्गा रजिष्ट्रेशन दस्तुर रू.२० लाख, जेष्ठ नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रमबाट रू.१२ करोड, १५ सैया आधारभूत अस्पतालको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट रू.३ करोड, प्रशासकीय भवनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट रू.३ करोड र गत आ.व. २०७६।०७७ को मौज्दात रू.५० लाख रहेको छ ।

२४. बजेट प्रस्तुत भएका कार्यक्रमहरूको समयबद्ध कार्ययोजना तयार गरी आर्थिक बर्षको पहिलो दिनदेखि नै कार्यान्वयन गरिनेछ । कार्यक्रम कार्यान्वयनका लागि हरेक क्षेत्रमा



राधा देवी
उप-प्रमुख

आवश्यक ऐन, नियमावली तथा कार्यविधिहरूको तर्जुमा र परिपालनाको माध्यमबाट सार्वजनिक खर्चमा हुन सकिने अनियमितता रोकिनेछ ।

२५. कोभिड-१९ को कारण हरेक क्षेत्रमा दुरगामी प्रभाव देखिएकोले आगामी वर्षको बजेट तथा कार्यक्रमहरूलाई आवश्यकता अनुसार परिवर्तन वा परिमार्जन गर्न सकिने गरी गतिशिल बनाउन आवश्यक देखिन्छ । यस सन्दर्भमा योजना गरिएका कार्यहरू सञ्चालनमा गतिशिलता (लचकता) ल्याउन कार्यक्रम तथा बजेट तर्जुमा विधि अपनाउँदा नै त्यस अनुसार बजेट विनियोजन गरिनेछ ।

२६. जनप्रतिनिधि एवं कर्मचारीहरूको क्षमता विकास तथा नियमित अनुगमनको माध्यमबाट बजेट कार्यान्वयनलाई सहज बनाइनेछ ।

२७. कविलासी नगरपालिकाको आर्थिक विधेयक,२०७८ र विनियोजन विधेयक,२०७८ स्वीकृतिको लागि यसैसाथ पेश गरेको छु ।

**सभा अध्यक्षज्यू ,**

२८. प्रस्तुत बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नु हुने यस क्षेत्रका प्रतिनिधि सभाका माननीय सदस्यज्यूहरू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू प्रति हार्दिक आभार प्रकट गर्दछु । विश्वव्यापी कोभिड-१९ महामारीको बिषम परिस्थितिमा समेत अमूल्य सुझाव दिई बजेट तर्जुमा कार्यलाई मार्ग प्रशस्त गर्नु हुने कविलासी नगरपालिकाका प्रमुखज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, वडा सदस्यज्यूहरू, विभिन्न समितिका पदाधिकारीज्यूहरू प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट तर्जुमाको क्रममा अहोरात्र खट्नुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु । सम्पूर्ण राजनितिक दलका पदाधिकारीज्यूहरू, निजी क्षेत्र तथा विकास साँझेदार सँस्थाका महानुभावहरू, बुद्धिजीविज्यूहरू, विषय विज्ञ, सञ्चार जगत लगायत नगरको विकासमा टेवा दिने आदरणीय नगरबासीहरू सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।



राधा देवी
उप-प्रमुख

२९. अन्त्यमा, नगरको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने आम नगरिक, करदाता, नगरको हित र समुन्नतिमा योगदान पुर्याउने सबै विकास, साझेदार, सरकारी, गैर सरकारी, सामुदायिक संस्थाहरू प्रति हार्दिक आभार व्यक्त गर्दै यस बजेटको सफल कार्यान्वयनमा सबैको सहयोग र साथ पाउने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद !

राधा देवी
उप-प्रमुख

मिति २०७८।०३।१० गते बिहिबार